# इटहरी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी

१.नं. प्रदेश, नेपाल

☎ ०२५-५८००४६
०२५-५८२३१९
०२५-५८२८१९
०२५-५८२१६९


प.सं.

च.नं. ९८८

मिति ........२०७५/०६/०२

**बिषय :- कार्यपालिका बैठकको निर्णयको प्रतिलिपी पठाईएको ।**

श्री वडा समितिको कार्यालय
वडा नं. ....
इटहरी, सुनसरी

प्रस्तुत बिषय, यस उपमहानगरपालिका नगरकार्यपालिकाको मिति २०७५/०५/३१ गते बसेको बैठक संख्या ३० का निर्णयहरु यसैसाथ संलग्न गरी तहाँको जानकारी एवम् आवश्यक कार्यान्वयनका लागि पठाईएको व्यहोरा अनुरोध गर्दछु ।

छवि रिजाल
प्रमूख प्रशासकीय अधिकृत
सहसचिव/रा.प.प्रथम श्रेणी

## मिति २०७५ साल भदौ ३१ गते बसेको कार्यपालिकाको बैठकको निर्णयहरु

बैठक संख्या : ३०

निर्णय नं. १

इटहरी उपमहानगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसाय इजाजतपत्र सम्वन्धी नियमावली, २०७५ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. २

इटहरी उपमहानगरपालिकाको आर्थिक सहायता वितरण सम्वन्धी सामान्य मापदण्ड, २०७५ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

इटहरी उपमहानगरपालिकाको बालमैत्री आचारसंहिता, २०७५ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

इटहरी उपमहानगरपालिकाको गोष्ठी, सेमिनार तथा तालिम जस्ता कार्यक्रमहरु संचालन गर्दा पालना गनुपर्ने खर्चको नर्म्स (Norms), २०७५ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

इटहरी उपमहानगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन र व्यवस्थापन सम्बन्धी कार्यबिधि, २०७५ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

इटहरी उपमहानगरपालिकाको कर्मचारी दरवन्दी तथा संगठन संरचना स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

इटहरी उपमहानगरपालिकाको विपन्न मातृ शिशु पोषण कार्यक्रम संचालन निर्देशिका, २०७५ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

इटहरी उपमहानगरपालिका भएर बग्ने नदीको अधिकार क्षेत्र (Right of Way) निर्धारण गर्नका लागि अध्ययन गरी प्रतिवेदन पेश गर्न १४ नं. वडाका वडाध्यक्ष श्री रमेश प्रसाद चौधरीको संयोजकत्वमा देहाय बमोजिम सदस्यहरु रहने गरी कार्यदल गठन गर्ने र कार्यदलले ३ महिनाभित्र प्रतिवेदन पेश गर्ने निर्णय गरियो ।

(१) श्री रमेश प्रसाद चौधरी, वडाध्यक्ष १४ नं. वडा - संयोजक
(२) श्री कल्याण बहादुर कार्की, वडाध्यक्ष ५ नं. वडा - सदस्य
(३) श्री भगवानलाल साह, वडाध्यक्ष १७ नं. वडा - सदस्य
(४) श्री प्रकाश चौधरी, वडाध्यक्ष १० नं. वडा - सदस्य
(५) श्री इन्दिरा राई, कार्यपालिका सदस्य, वडा नं. १९
(६) प्रा.सूर्य राई, इटहरी -२०, - सदस्य

(७) प्रा. उमानाथ रिजाल, इटहरी -२०,४- सदस्य

(८) श्री यादव पराजुली इटहरी-१, - सदस्य

(९) इन्जिनियर प्रतिनिधि, जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालय - सदस्य

(१०) श्री पुष्प नारायण चौधरी, वातावरण इन्जिनियर- सदस्य सचिव

निर्णय नं. ९

यस उपमहानगरपालिकाभित्र डुवान तथा नदी कटान नियन्त्रण गरी तत्काल जनधनको क्षति हुनबाट जोगाउनका लागि नगर प्रमुखस्तरको निर्णयबाट भएका देहाय अनुसारका योजना तथा तार जाली बितरण सम्वन्धी निर्णयहरु अनुमोदन गरियो ।

(क) इटहरी - ९, तारजाली संख्या- ६ थान

(ख) बुढीखोला तटबन्ध, तारजाली संख्या- २०० थान

(ग) इटहरी -५, मितेरीपुल, तारजाली संख्या- ३० थान

(घ) इटहरी -४, तारजाली संख्या- ४ थान

(ङ) इटहरी -९, तारजाली संख्या- १०० थान

(च) इटहरी -४, भिरगाउँ, तारजाली संख्या- २० थान

(छ) इटहरी -९, तारजाली संख्या- १०० थान

(ज) इटहरी -४, तारजाली संख्या- ३२ थान

(झ) इटहरी -४, तारजाली संख्या- २० थान

(ञ) बुढीखोला तटबन्धन गर्ने कार्य, इटहरी- ९, रु. १३,७७,७१०/-

निर्णय नं. १०

गत आर्थिक वर्षको बार्षिक बजेटमा नपरेका तर कतिपय कारणले त्यस्ता योजनाहरु संचालन गर्न अत्यावश्यक ठानी सम्झौता भई निर्माण कार्य समेत पूरा भईसकेका देहायका योजनाहरुको भूक्तानी गर्ने निर्णय गरियो ।

| क.सं. | योजनाको नाम | भूक्तानी दिनुपर्ने रकम |
|---|---|---|
| १ | परिवेश मार्ग ड्रेन तथा कालोपत्रे निर्माण, वडा नं. ६ | १५,००,०००/- |
| २ | जेसिस मार्ग आर.सि.सि.ढलान वडा नं. ६ | ५,००,०००/- |
| ३ | वडा कार्यालय मर्मत, वडा नं. १२ | ५,००,०००/- |
| ४ | प्रोटेक्सन वाल तथा ग्रावेल वडा नं. १२ | ३,००,०००/- |
| ५ | मिलन मार्ग ड्रेन निर्माण, वडा नं. ६ | १,५०,०००/- |
| ६ | हिमाल मार्ग कालोपत्रे निर्माण, वडा नं. ४ | १३,५५,०००/- |

प्रमुख प्रशासकीय अधिकृत
(सदस्य-सचिव)

निर्णय नं. ११

इटहरी उपमहानगरपालिकामा आ.व.२०७३/७४ मा आरम्भ भै आ.व. २०७४/७५ मा निर्माण पूरा भई विभिन्न कारणवश भुक्तानी दिन बाँकी रहेका योजनाहरुको अध्ययन गरी आगामी कार्यपालिका बैठकमा प्रतिवेदन पेश गर्न देहाय बमोजिम समिति गठन गर्ने निर्णय गरियो ।

(क) श्री रोहित कुमार चौधरी, वडा अध्यक्ष ८ नं. वडा - संयोजक

(ख) श्री कल्याण बहादुर कार्की, वडा अध्यक्ष ५ नं. वडा - सदस्य

(ग) श्री गायत्री चौधरी, कार्यपालिका सदस्य - सदस्य

(घ) श्री अर्जुन दाहाल, ब. इन्जिनियर - सदस्य

(ङ) श्री महेश धिताल - सदस्य सचिव

निर्णय नं. १२

औद्योगिक ग्राम स्थापना र सञ्चालन गर्ने विषयमा अध्ययन गर्नका लागि उपप्रमुख लक्ष्मी कुमारी गौतमको नेतृत्वमा निम्न लिखित सदस्यहरु सम्मिलित एक अध्ययन कार्यदल भारतको कोलकाता महानगरमा जाने निर्णय गरियो । साथै, भ्रमण कार्यक्रम मितव्ययी तवरले आयोजना गर्ने र सोको लागि आवश्यक पर्ने खर्च रकम औद्योगिक ग्राम सञ्चालन सम्वन्धी कार्यक्रमका लागि विनियोजित बजेटबाट व्यहोर्ने निर्णय गरियो ।

(१) उपप्रमुख श्री लक्ष्मी कुमारी गौतम

(२) इटहरी उद्योग बाणिज्य संघको प्रतिनिधि एकजना

(३) इटहरी नगरस्तरीय घरेलु उद्योग महासंघको प्रतिनिधि एकजना

(४) श्री शिवनारायण चौधरी, वडाध्यक्ष १३ नं. वडा

(५) श्री बालकृष्ण बिष्ट, वडाध्यक्ष ३ नं. वडा

(६) श्री तेजनारायण चौधरी, वडा सदस्य १६ नं. वडा

(७) श्री खेम बहादुर भारती, वडा सदस्य १९ नं. वडा

(८) श्री दिवाकर रेग्मी (विज्ञ सल्लाहकार संयोजक)

(९) श्री विजय मगर, शाखा अधिकृत

(१०) श्री माया राई, सामाजिक विकास अधिकृत

निर्णय नं. १३

नगर कार्यपालिकाको मिति २०७५।०५।०९ को वैठकको निर्णय नं. ४ अनुसार नगर कार्यपालिकाको कार्यालयबाट पेश भएको संक्षिप्त O&M प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो । साथै, उक्त प्रतिवेदन अनुसार प्रत्येक वडा कार्यालयका लागि आवश्यक पर्ने एक एक जना सूचना प्रविधि सहायक करारमा लिने सम्वन्धमा शिक्षा शाखा प्रमुख श्री भूपेन्द्र प्रसाद कोइरालाको संयोजकमा देहाय बमोजिम सदस्यहरु रहने गरी समिति गठन

गर्ने र सो समितिले प्रचलित कानून बमोजिम कार्यविधि बनाई लिखित, प्रयोगात्मक तथा मौखिक परिक्षाको माध्यमबाट उपयुक्त उम्मेदवार छनौट गरी करार सेवामा नियुक्तिको लागि सिफारिस गर्ने निर्णय गरियो ।

१. श्री भूपेन्द्र प्रसाद कोइराला, उपसचिव- संयोजक

२. श्री सन्जय अधिकारी, प्रशासकीय अधिकृत - सदस्य

३. श्री राम नारायण साह, शाखा अधिकृत - सदस्य

४. श्री चुडामणी आपगाई, शाखा अधिकृत - सदस्य

५. श्री ओसन कुमार चौधरी, सूचना प्रविधि अधिकृत - सदस्य

निर्णय नं. १४

इटहरी उपमहानगरपालिकाको आर्थिक प्रशासन शाखाबाट पेश भए बमोजिम गत आ. व. २०७४/७५ मा भएको बजेटको रकमान्तर अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. १५

इटहरी उपमहानगरपालिका, ९ नं. वडा कार्यालयले चालु आर्थिक वर्षको लक्षित वर्ग विकास तर्फको विनियोजित बजेट रु.पाँच लाख एकमुष्ट राखेकोमा उक्त वडा कार्यालयको सिफारिस बमोजिम निम्न अनुसार विनियोजन स्वीकृत गरियो ।

(क) महिला सिप विकास कार्यक्रम १ लाख

(ख) बालमैत्री बिकास कार्यक्रम ७५ हजार

(ग) वडाका गरिव बालबालिकाहरुलाई स्टेशनरी सामाग्री वितरण ५० हजार

(घ) दलित समुदायका लागि जनचेतना जगाउने तथा सिपमुलक कार्यक्रम १ लाख

(ङ) ज्येष्ठ नागरिक सम्मान कार्यक्रम ७५ ~~लाख~~ हजार

(च) बिपद् व्यवस्थापन सम्वन्धी कार्यक्रम १ लाख

निर्णय नं. १६

इटहरी उपमहानगरपालिकाको मुख्य बजार क्षेत्रमा सार्वजनिक शौचालयको अभावलाई मध्यनजर गर्दै जनता मा.वि. इटहरीको पूर्वतर्फ एकआपस सहकारी संस्थाको पश्चिमपट्टि सार्वजनिक शौचालय निर्माण गर्ने निर्णय गरियो । सोको लागि जनता माध्यमिक बिद्यालय व्यवस्थापन समितिसँग समन्वय गर्ने निर्णय गरियो ।

निर्णय नं. १७

इटहरीमा रात्रीबजारको स्थापनाको लागि स्थानको पहिचान गर्ने सम्बन्धमा छलफल गर्दा कोशी राजमार्गबाट आइतवारे प्रवेश गर्ने विन्दुदेखि टेलिकम कार्यालयसम्मको क्षेत्रमा रात्रीबजारको स्थापना गर्ने निर्णय गरियो ।

निर्णय नं. १८

नगरसभाबाट स्वीकृत चालु आ.व.को आर्थिक ऐनमा व्यवस्था भएका करका दरहरु उच्च भएको भनी जनगुनासो आई पुनरावलोकन गर्नु पर्ने भए अध्ययन गरी सिफारिससाथ प्रतिवेदन पेश गर्न उपप्रमुख श्री लक्ष्मी गौतमको संयोजकत्वमा रहेको राजश्व परामर्श समितिलाई ३ (तिन) हप्ताको थप समय दिने निर्णय गरियो ।

निर्णय नं. १९

संविधान दिवस २०७५ भव्यताका साथ मनाउने सन्दर्भमा देहाय बमोजिम मूल समारोह समिति गठन गर्ने निर्णय गरियो ।

- श्री द्वारिकलाल चौधरी, नगर प्रमुख - संयोजक
- श्री लक्ष्मी गौतम, नगर उपप्रमुख - सदस्य
- श्री छवि रिजाल, प्रमुख प्रशासकीय अधिकृत - सदस्य
- श्री सवै वडाध्यक्ष, कार्यपालिकाका सदस्य तथा वडा सदस्यहरु - सदस्य
- श्री नेपाली सेना - सदस्य
- श्री नेपाल प्रहरी - सदस्य
- श्री सशस्त्र प्रहरी बल, नेपाल - सदस्य
- श्री ट्राफिक प्रहरी - सदस्य
- इटहरीस्थित सवै संघीय सरकारी कार्यालयका कार्यालय प्रमुखहरु - सदस्य
- सामाजिक, राजनैतिक, धार्मिक संस्थाका प्रमुख - सदस्य
- नगर कार्यपालिकाको कार्यालयका सम्पुर्ण शाखा प्रमुखहरु - सदस्य

निर्णय नं. २०

इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाका सदस्य श्री गायत्री चौधरीको ममतामयी माता गालो चौधरीको असामयिक निधनप्रति यस वैठकबाट हार्दिक समवेदना व्यक्त गर्ने निर्णय गरियो ।

निर्णय नं. २१

इटहरी उपमहानगरपालिकाको बिपद् व्यवस्थापन कोष संचालन कार्यबिधि, २०७५ स्वीकृत गर्ने निर्णय गरियो ।

छवि रिजाल
प्रमुख प्रशासकीय अधिकृत
(सह-सचिव)